**मिति २०८०।१०।१८ गते बसेको निस्दी गाउँपालिकाको ५०औँ गाउँ कार्यपालिका बैठकको प्रस्तावहरु**

१. गत कार्यपालिकाको निर्णय समीक्षा सम्बन्धमा ।

२. रिपोर्टिङ सम्वन्धमा ।

३.सूचना तथा संचार सम्वन्धी कार्यक्रम संचालन सम्वन्धमा ।

४. प्रधानमन्त्री रोजगार कार्यक्रमका आयोजना छनौट  सम्वन्धमा ।

५.गाउँपालिकाको प्रशासनिक भवन निर्माण कम्पनीको निवेदन सम्वन्धमा ।

६. कृषि शाखा अन्तरगतको कार्यक्रम छनौट सम्वन्धमा ।

७. विविध ।

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

ध्रुव दयाल
प्रमुख प्रशासकीय अधिकृत

## मिति २०८०।१०।१८ गते बसेको निस्दी गाउँपालिकाको ५० औँ गाउँ कार्यपालिका बैठकको निर्णयहरु

१. प्रस्ताव नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो । गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनमा गइरहेको पाइयो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यबाट वडा कार्यालयबाट भएको सेवा प्रवाह तथा आयोजना संचालन, जनगुनासो र जनगुनासोको सम्वोधन गर्ने सम्बन्धी विषयमा यस बैठक समक्ष रिपोर्टिङ गर्नुभयो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दाआ.व २०८०।०८१ मा पेश भएका प्रस्तावहरु मध्ये सूचना तथा संचार अन्तरगतका कार्यक्रमहरु **पत्र पत्रिका छपाई तथा सूचना प्रकाशन** शिर्षक मध्येबाट तपसिल अनुसार संचालन गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र सं. | कार्यक्रमको नाम | कार्यक्रम संचालन गर्ने संस्था | प्रस्तावमा आधारित अधिकतम रकम रु. |
|---|---|---|---|
| १ | गाउँपालिकाको सन्देशमूलक सूचना प्रसारण कार्यक्रम | सिताकुण्ड मिडिया रामपुर | १५०००। |
| २ | गाउँपालिकाको स्थानीय संस्कृति विशेष कार्यक्रम निर्माण तथा प्रसारण | सामुदायिक रेडियो रामपुर | ६००००। |
| ३ | गाउँपालिकाको असल अभ्यास | सामुदायिक रेडियो मदनपोखरा | ५५०००। |
| ४ | गाउँपालिकाका विभिन्न कार्यक्रम प्रसारण | पृथ्वी टेलिभिजन रामपुर | ५५०००। |
| ५ | गाउँपालिका रवडाहरुको कार्यहरुकोभिडियो डकुमेन्ट्री निर्माण | प्रस्ताव पेश भए अनुसार | १५००००। |
| ६ | गाउँपालिकाबारे विविध रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण | रेडियो कुटुम्ब तानसेन | ५५०००। |

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा आ.व २०८०।०८१ माप्रधानमन्त्री रोजगार कार्यक्रमको लागि न्यूनतम १०० दिनको रोजगार प्रदान गर्न स्थानीय निर्देशक समितिको मिति २०८०।१०।१७ गतेको सिफारिस बमोजिम तपसिल बमोजिमका आयोजनाहरु छनौट गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपशिल**

| क्र.सं. | आयोजनाको नाम | आयोजना स्थल | रकम रु |
|---|---|---|---|
| १ | पोखरीथर देखि अधमारा गोरेटो बाटो मर्मत | निस्दी - १ वाकामलाङ्ग | ३३४००० |
| २ | सहलकोट गोरेटो बाटो मर्मत | निस्दी - २ सहलकोट | ५३४४०० |
| ३ | झिरुवास गोरेटो बाटो मर्मत | निस्दी - ३ झिरुवास | १६७०००० |
| ४ | भोटे गैरा सामुदायिक वन वृक्षारोपण कार्यक्रम | निस्दी - ४ मित्याल | ४००८०० |
| ५ | गल्धा गोरेटो बाटो मर्मत | निस्दी - ५ गल्धा | ६६८००० |
| ६ | लेकडाँडा पँहुचमार्ग मर्मत तथा खेलमैदान निर्माण | निस्दी - ६ अर्चले | ६०१२०० |
| ७ | ज्यामिरे ग्याविङ्ग तथा गोरेटो बाटो मर्मत | निस्दी - ७ ज्यामिरे | ४००८०० |
| | जम्मा | | ४६०९२०० |

५. प्रस्ताव नं ५ माथि छलफल गर्दामिति २०८०।०१।०८ देखि निर्माण कार्य अवरुद्ध रहेको गाउँपालिकाको प्रशासनिक भवनको निर्माण कार्यको ठेक्का सम्बन्धमा निस्दी गाउँ कार्यपालिकाको कार्यालयको मिति २०८०।१०।०५ गतेको पत्रबाट ठेक्काको अग्रिम भुक्तानी बैंक जमानत (A.P.G.) खिच्ने कार्यका लागि सम्बन्धित बैंकमा पत्राचार गरिएको र सो पत्रको जवाफमा उक्त ठेक्काको जिम्मा पाएको निर्माण कम्पनी रविना श्रेया आदर्श जे.भी. ले यस गाउँपालिकामा मिति २०८०।१०।०८ मा पेश गरेको निवेदन उपर व्यापक छलफल गर्दाA.P.G. खिच्ने कार्य तत्काल रोक्न उचित नदेखिएको र निवेदनमा अनुरोध गरे अनुसार ठेक्काको म्याद थपको सन्दर्भमा छलफल गर्दा उक्त कम्पनीले अवरुद्ध रहेको भवनको निर्माण कार्यको काम पुनः सुचारु गरेको प्रति कार्यपालिका विश्वस्त हुन सकेमा नियमानुसार म्याद म्याद थप गर्नका लागि लगत्तै बस्ने अर्को कार्यपालिकाको बैठकमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा निस्दी गाउँपालिकाको मिति २०८०।०६।२२ गते प्रकाशित सूचना बमोजिम पकेट विकास कार्यक्रमको लागि कृषक तथा कृषि फर्म बाट पेश भएका प्रस्तावहरुमध्ये कृषि शाखाबाट सिफारिस भए बमोजिम प्रत्येक वडावाट एउटा कार्यक्रमसंचालन गर्ने निर्णय गरियो। साथै अध्यक्ष गरिब युवा लक्षित कार्यक्रमको लागि पेश भएका प्रस्तावहरु मध्येवाट औचित्यताको आधारमा प्रत्येक वडावाट ५ वटा कार्यक्रम छनौट गरी संचालन गर्नका लागि कृषि विकास शाखालाई निर्देशन दिने निर्णय गरियो।

७. प्रस्ताव नं ७ माथि छलफल गर्दा देहाय अनुसारका निर्णय गरियो।

क) निस्दी गाउँपालिका दलित समन्वय समितिको मिति २०८०।१०।१८ गतेको बैठकको निर्णय अनुसार दलित शिर्षकमा विनियोजित बजेट कार्यान्वयनका लागि वेल्डिङ तालिम सम्बन्धी निर्णय अनुमोदन गर्ने।

ख) निस्दी -३ झिरुवासको **खादर अदुवा खेती विस्तार** योजना गाउँपालिकाको २५ प्रतिशत अनुदानमा संचालन गरी अदुवा लगाउने क्षेत्र र उत्पादन परिमाण बढाउनमा जोड गर्ने गरी योजना कार्यान्वयन गर्न लगाउने।

ग) निस्दी गाउँपालिकाको १४ औ अधिवेशन बाट रकमान्तर भइ स्वीकृत भएको रु १५ लाख बजेटको भकारो सुधार आयोजना तपशिल अनुसार संचालन गर्ने निर्णय गरियो।

| क्र.स. | वडाको नाम | भकार संख्या | कैफियत |
|---|---|---|---|
| १ | निस्दी - १ बाकामलाङ्ग | १३ | प्रति भकारो गा .पा.बाट रु १५००० |
| २ | निस्दी - २ सहलकोट | १२ | प्रति भकारो गा .पा.बाट रु १५००० |
| ३ | निस्दी - ३ झिरुवास | १४ | प्रति भकारो गा .पा.बाट रु १५००० |
| ४ | निस्दी - ४ मित्याल | १६ | प्रति भकारो गा .पा.बाट रु १५००० |
| ५ | निस्दी - ५ गल्धा | १५ | प्रति भकारो गा .पाबाट रु १५००० |
| ६ | निस्दी - ६ अर्चले | १२ | प्रति भकारो गा .पाबाट रु १५००० |
| ७ | निस्दी - ७ ज्यामीरे | १८ | प्रति भकारो गा .पा.बाट रु १५००० |

**मिति २०८०।१०।१८ गतेको निस्दी गाउँपालिकाको ५० औँ गाउँ कार्यपालिका बैठकको निर्णयहरु**

**प्रमाणित**